## पश्चिम सेती (वनलेक) देखि दोदोधारा सम्म ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजनाको

# प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(वातावरण संरक्षण नियमावली, २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

**(प्रकाशित मितिः .......................)**

**सुदूरपश्चिम प्रदेश,डोटी जिल्लामा पर्ने शिखर नगरपालिका, बडीकेदार गाउँपालिका र जोरायल गाउँपालिका तथा कैलाली जिल्लामा पर्ने चुरे गाउँपालिका, मोहन्याल गाउँपालिका, घोडाघोडी नगरपालिका र बर्दगोरियागाउँपालिकामा राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड, काठमाडौं महानगरपालिका-१०, बुद्धनगर, काठमाडौं ।<br>टेलिफोनः +९७७-०१-४६१०१०३<br>इमेलः info@rpgcl.com<br>वेब साइटः https://www.rpgcl.com/ |
| **प्रस्तावको व्यहोराः** | प्रस्तावित ४०० के.भी. डबल सर्किट प्रसारण लाइन आयोजनाले पश्चिम सेती नदीमा रहेका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना जस्तैः पश्चिम सेती (७५० मे.वा.), चैनपुर-सेती (२१० मे.वा.), बझाङ्ग अपर-सेती (२१६ मे.वा.), सेती नदी-३ (८७ मे.वा.) र अन्य गरी पश्चिम सेती करिडरमा अवस्थित जलविद्युत आयोजनाबाट उत्पादित विद्युतलाई डोटी जिल्लाको शिखर नगरपालिका-१० वनलेकमा प्रस्तावित ४००/१३२ के.भी. को पश्चिम सेती सबस्टेशनबाट कैलाली जिल्लाको बर्दगोरिया गाउँपालिका-३, बटकुवामा प्रस्तावित दोदोधारासबस्टेशन सम्म प्रसारणका लागि आवश्यक ४०० के.भी. डबल सर्किट, ८५ कि.मि. लामो विद्युत प्रसारण लाइन निर्माण तथा सञ्चालन गर्न प्रस्ताव गरेको छ ।<br>यस आयोजनाको क्षेत्राधिकारको बिचबाट दुबैतर्फ २३/२३ मिटर गरी ४६ मिटरको हुनेछ। यस आयोजनाले कुल २०७ वटा टावर निर्माण गर्नेछ। न्यूनतम टावर स्पान १०० मिटर र अधिकतम टावर स्पान ९४८ मिटर रहेको छ। टावरको अधिकतम उचाइ ६१ मि. र ग्राउण्ड क्लियरेन्स कम्तिमा ९.५० मि. रहको छ। |
| **प्रभाव पर्न सक्ने प्रदेश, जिल्ला, स्थानिय तह र वडा** | **सुदूरपश्चिम प्रदेश**<br>**डोटी जिल्ला-**शिखरन.पा.वडा नं.२, ४, ५, ७, ९ र १०,<br>बडीकेदार गा. पा. वडा नं. १र२, जोरायल गा. पा. वडा नं.५ र ६<br>**कैलाली जिल्ला-** चुरे गा. पा. वडा नं. २ र ४, मोहन्याल गा. पा. वडा नं.५,<br>घोडाघोडी न. पा. वडा नं.४, ६, ८ र ९, बर्दगोरिया गा. पा.वडा नं.३ |

माथि उल्लिखित्त प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गरी सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड, काठमाडौं महानगरपालिका-१०, बुद्धनगर, काठमाडौं ।<br>टेलिफोनः +९७७-०१-४६१०१०३<br>इमेलः info@rpgcl.com<br>वेब साइटः https://www.rpgcl.com/ |
| परामर्शदाताको नाम र ठेगानाः | चिलिमे ईन्जिनियरिङ्गएण्ड सर्भिसेज कम्पनी लिमिटेड, काठमाडौं महानगरपालिका-०४, महाराजगञ्ज,काठमाडौं।<br>टेलिफोनः +९७७-१-४०१६२७६, ४०१६२८६<br>इमेलः support@chesco.com.np<br>वेब साइटःwww.chesco.com.np |